# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१०।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

श्री रामसखी मो.सिंह जनता माध्यमिक विद्यालय बलरा-५, सर्लाहीका माध्यमिक शिक्षक देवनारायण ठाकुरले झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति भएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज माध्यमिक शिक्षक देवनारायण ठाकुरले Baba Saheb Bhimro Ambedkar Bhihar University, Muzaffarpur, India बाट प्राप्त गरेको BA तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी माध्यमिक तहको तृतीय श्रेणीको शिक्षक पदमा नियुक्ति लिई सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा(१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता